* लाफाको जोखिम सिद्धान्त

Risk Theory of profit

अमेरिकी अर्थशास्त्री प्रो. फ्रेडेरिक बर्नार्ड हावले सन् 1907 मा प्रकाशित आफ्नो पुस्तक 'Enterprise and productive-process' मा नाफाको जोखिम सिद्धान्त अघि सारेका हुन्।


यस सिद्धान्तअनुसार जोखिम वहन गर्नु उद्यमीको प्रमुख कार्य हो। उद्यमीले पूँजी, श्रम र जमिन जस्ता अन्य उत्पादन कारकहरूलाई समन्वय गर्छ। यी कारकहरूलाई ब्याज, तलब र भाडाको रूपमा भुक्तान गरिन्छ, तर उद्यमीको नाफा अनिश्चित हुन्छ किनभने उत्पादन र बिक्रि बीच समय अन्तराल रहन्छ। यस अवधिमा विभिन्न परिवर्तनहरू हुन सक्छन्। व्यवसायमा विभिन्न प्रकारका जोखिमहरू ~~संलग~~ संलग्न हुन्छन्, जसलाई उद्यमीले वहन गर्छ, र यही जोखिम वहन बापत प्राप्त हुने पुरस्कारलाई नाफा भनिन्छ।

~~जति धेरै नाफा जोखिम लिइन्छ~~

जति धेरै जोखिम लिइन्छ, त्यति नै बढी नाफा कमाउने सम्भावना हुन्छ र जोखिम कम भए नाफा कम हुने सम्भावना रहन्छ।

* नाफाको जोखिम सिद्धान्तको आलोचना

1. सबै प्रकारका जोखिमको पुरस्कार नाफा होइन,
2. जोखिम घटाएबापतको पुरस्कार
3. जोखिम र नाफाबिच समानुपातिक सम्बन्ध हुँदैन,
4. अधुरो सिद्धान्त




माथिको रेखाचित्रमा x- अक्षमा उत्पादन परिमाण र y- अक्षमा सिमान्त आय र सिमान्त लागतलाई मापन गरिएको छ। mc वक्ररेखाले mR वक्ररेखालाई बिन्दु A र E मा काटेको छ। त्यसैले दुवै बिन्दु A र E मा mR र mc बराबर छन् तर बिन्दु A मा mc वक्ररेखाले mR रेखालाई माथिबाट काटेको छ त्यसैले बिन्दु A मा सन्तुलनको पहिलो सर्त पूरा भएपनि दोस्रो सर्त पूरा भएको छैन।

अल्पकालीन अवधि भन्नाले छोटो समय अवधिलाई जुन अवधिमा अल्पकालीन अवधिमा उत्पादन साधनहरू जस्तै भूमि, पूँजी, श्रम, संगठन परिवर्तन गर्न सकिँदैन

५

## फर्म र उद्योगको सन्तुलन

* पूर्ण प्रतिस्पर्धाको अवधारणा

धेरै सङ्ख्यामा क्रेता तथा विक्रेताहरु भएको, समान रुपमा समरुपी वस्तुहरु खरिद बिक्री हुने र व्यक्तिगत फर्महरुबिच प्रतिद्वन्द्विता रहित बजार संरचना लाई पूर्ण प्रतिस्पर्धाको बजार भनिन्छ ।


अल्पकालीन अवधि भनेको त्यस्तो समय अवधि हो, जुन अवधिमा उत्पादनका साधनहरु जस्तै : भूमि, पूँजी, श्रम संख्यामा परिवर्तन गर्न सकिँदैन ।

१. यदि $AR > AC$ छ भने फर्मले असाधारण नाफा आर्जन गर्दछ।
२. यदि $AR = AC$ छ भने फर्मले सामान्य नाफा आर्जन गर्दछ।
३. यदि $AR < AC$ छ भने फर्मले घाटा व्यहोर्नु पर्दछ ।

### सन्तुलनका सर्तहरु

१. $MC = MR$ हुनुपर्दछ ।
२. MC वक्ररेखाले MR वक्ररेखालाई तलबाट काट्नुपर्दछ ।

यसलाई रेखाचित्रद्वारा निम्नानुसार व्याख्या गर्न सकिन्छ।



४

# फर्म र उद्योगको सन्तुलन

* पूर्ण प्रतिस्पर्धाको अवधारणा

धेरै सङ्ख्यामा क्रेता तथा विक्रेताहरु भएको, समान रुपमा समरुपी वस्तुहरु खरिद बिक्रि हुने र व्यक्तिगत फर्महरुबिच प्रतिद्वन्दितारहित बजार संरचना लाई पूर्ण प्रतिस्पर्धाको बजार भनिन्छ।


अल्पकालीन अवधि भनेको त्यस्तो समय अवधि हो, जुन अवधिमा उत्पादनका साधनहरु जस्तै: जमिन, पूँजी, श्रम संख्या परिवर्तन गर्न सकिदैन।

१. यदि AR > AC छ भने फर्मले असाधारण नाफा आर्जन गर्दछ।
२. यदि AR = AC छ भने फर्मले सामान्य नाफा आर्जन गर्दछ
३. यदि AR < AC छ भने फर्मले घाटा व्यहोर्नुपर्दछ।

## सन्तुलनका सर्तहरु

१. MC = MR हुनुपर्दछ।
२. MC वक्ररेखाले MR वक्ररेखालाई तलबाट काट्नुपर्दछ।

यसलाई रेखाचित्रद्वारा निम्नानुसार व्याख्या गर्न सकिन्छ।



माथिको रेखाचित्रमा x- अक्षमा उत्पादन परिमाण र y- अक्षमा मूल्यलाई देखाइएको छ । तिन वटा रेखाचित्रको बिन्दु E मा MR र MC बराबर हुनुको साथै MC वक्ररेखाले MR वक्ररेखालाई बिन्दु E मा तलबाट काटेकोले बिन्दु E सन्तुलन बिन्दु हो । जहाँ सन्तुलित मूल्य OP मा र सन्तुलित परिमाण OQ छ ।

1. असाधारण नाफा : रेखाचित्रमा मूल्य OP मा सन्तुलित उत्पादित उत्पादन परिमाण OQ छ, यहाँ फर्म A को औसत आय EQ बराबर छ भने औसत लागत AQ बराबर छ। यहाँ AR>AC भएकोले फर्म A ले PEAC बराबरको असाधारण नाफा आर्जन गर्दछ ।

$$TR = OP \times OQ = OQEP$$

$$TC = OC \times OQ = OQAC$$

$$\pi = TR - TC = OQEP - OQAC = PEAC$$

2. सामान्य नाफा : रेखाचित्रमा मूल्य OP मा सन्तुलित उत्पादन परिमाण OQ छ । यहाँ फर्म B को औसत आय र औसत लागत दुवै QE बराबर छन् । AR र AC बराबर भएकोले फर्म B ले सामान्य नाफा मात्र आर्जन गर्दछ ।

3. नोक्सान : रेखाचित्रमा मूल्य OP मा सन्तुलित उत्पादन परिमाण OQ छ । यहाँ फर्म C औसत आय QE बराबर छ भने औसत लागत QA बराबर छ । यसरी AC>AR भएकोले फर्म C ले PEAC बराबरको घाटा व्यहोरेको छ।

$$TR = OP \times OQ = OQEP$$

$$TC = OC \times OQ = OQAC$$

$$\pi = TR - TC = OQEP - OQAC = -PEAC$$


CamScanner

* एकाधिकारको अवधारणा
एकाधिकार त्यस्तो बजार संरचना हो जहाँ एउटा वस्तुको एउटा मात्र उत्पादक वा विक्रेता हुनुका साथै उक्त वस्तुको निकट प्रतिस्थापन वस्तुको अभाव हुन्छ। त्यस्तो बजार संरचनालाई एकाधिकार बजार भनिन्छ।

अल्पकालीन अवधि भनेको त्यस्तो अवधि हो जुन अवधिमा उत्पादनका साधनहरु जस्तै भूमि, पूँजी श्रम, सङ्गठन परिवर्तन गर्न सकिँदैन।

१. यदि AR>AC छ भने फर्मले असामान्य नाफा आर्जन हुन्छ।
२. यदि AR=AC छ भने फर्मले सामान्य नाफा आर्जन गर्छ।
३. यदि AR<AC छ भने फर्मले घाटा व्यहोर्नुपर्छ।

सन्तुलनका सर्तहरु
१. MR = MC बराबर हुनुपर्छ।
२. MC वक्ररेखाले MR वक्ररेखालाई तलबाट काटेको हुनुपर्छ। यसलाई रेखाचित्र द्वारा निम्नानुसार व्याख्या गर्न सकिन्छ।



पाठ : ५

# उत्पादनका साधनको मूल्य निर्धारण

## Rent (लगान)

जग्गाधनीलाई जग्गा प्रयोग गरेबापत तिर्ने रकमलाई लगान भनिन्छ ।

## ठेक्का लगान (contract Rent)

निश्चित अवधिसम्म उत्पादनको साधन प्रयोग गरेबापत मालिकलाई दिइने कुल रकमलाई ठेक्का लगान भनिन्छ । यस लगानमा उत्पादन भइ पनि नभए पनि एक निश्चित समयमा जति रकम तिर्नुपर्ने छ त्यति नै रकम तिर्नुपर्छ ।

## आर्थिक लगान (Economic Rent)

जग्गाधनीलाई जग्गा प्रयोग गरेबापत तिर्ने रकमलाई आर्थिक लगान भनिन्छ ।


## रिकार्डोको लगान सिद्धान्त (Ricardian Theory of Rent)

अर्थशास्त्री डेभिड रिकार्डोले सन् 1817 मा प्रकाशित आफ्नो पुस्तक 'राजनैतिक अर्थशास्त्र तथा करको सिद्धान्त' मा यो सिद्धान्त प्रतिपादन गरेका हुन् । उनका अनुसार "लगान भनेको भूमिको उब्जनीको त्यो भाग हो जुन भूमिको मौलिक र अविनाशी शक्ति प्रयोग गरेबापत भूमिपतिलाई भुक्तान गरिन्छ ।" यो सबैभन्दा उर्वर जमिनबाट उत्पन्न हुने अतिरिक्त आम्दानी हो ।

मान्यताहरु

१. जग्गामा मात्रै जाडा क्षमताइन्छ ।
२. जग्गा आपूर्तिमा निश्चित छ।
३. भूमिमा अविनाशी र मौलिक शक्ति छ।
४. भूमिको वैकल्पिक प्रयोग हुँदैन ।

| Grades of land | production (in kg) | cost of production (in kg) | Rent |
|---|---|---|---|
| A | 40 | 10 | 40-10 =30 |
| B | 30 | 10 | 30-10=20 |
| C | 20 | 10 | 20-10=10 |
| D | 10 | 10 | 10-10 =0 |




माथिको रेखाचित्रमा X-अक्षमा जग्गाको श्रेणी र Y-अक्षमा उत्पादन देखाइएको छ । विभिन्न ग्रेडका जमिन A, B, C, D ले कमाएको भाडालाई छाया पारेर देखाएको छ । जमिन D बाट भएको उत्पादनले केवल लागत मात्र उठ्छ । त्यसैले यसलाई सिमान्त भूमि वा लगानहीन जमिन भनिन्छ ।

* ठेक्का लगान र आर्थिक लगानको फरक

| ठेक्का लगान | आर्थिक लगान |
| --- | --- |
| १. निश्चित अवधिसम्म उत्पादनको साधन प्रयोग गरेबापत मालिक-लाई दिइने कुल रकमलाई ठेक्का लगान भनिन्छ । | १. जग्गाधनीलाई जग्गा प्रयोग गरे बापत तिर्ने रकमलाई आर्थिक लगान भनिन्छ । |
| २. ठेक्का लगान भूमिबाट प्राप्त हुन्छ । | २. आर्थिक लगान भूमिबाट प्राप्त हुँदैन । |
| ३. ठेक्का लगान साधन (भूमि) को माग र पूर्तिमा भर पर्दछ । | ३. आर्थिक लगान साधन (भूमि) को कुल उत्पादन र लागतमा भर पर्दछ । |

* रिकार्डोको लगान सिद्धान्तका आलोचना
१. भूमिको मौलिक र अविनाशी शक्ति हुँदैन ।
२. भूमिको सकल प्रयोग हुँदैन ।
३. लगानहीन भूमिको गलत मान्यता
४. पूर्ण प्रतिस्पर्धाको गलत मान्यता
५. उत्पादन प्रतिफल ह्रास नियम लागु हुन्छ भन्ने गलत विचार
६. उत्पादनका सम्पूर्ण साधनबाट लगान प्राप्त हुन्छ ।
७. लगान मूल्यमा समावेश हुन्छ ।

* ज्याला (wages)

कामदारलाई उनीहरुको शारीरिक वा मानसिक सेवाको प्रयोगको लागि दिइने पुरस्कारलाई ज्याला भनिन्छ ।

1. औसत स्थिर लागत (Average fixed cost : AFC)
कुल स्थिर लागतलाई उत्पादित वस्तुको परिमाणले भाग गर्दा आउने लागतलाई औसत स्थिर लागत भनिन्छ ।

$AFC = TFC / Q$


2. औसत परिवर्तनशील लागत (Average total cost AVC)
यो कुल परिवर्तनशील लागतलाई उत्पादन एकाइले भाग गरेर प्राप्त गरिन्छ, त्यसलाई नै औसत परिवर्तनशील लागत भनिन्छ ।

$AVC = \frac{TVC}{Q}$

3. औसत कुल लागत / औसत लागत
परिवर्तनशील लागत AVC र औसत स्थिर लागत AFC को योगलाई औसत कुल लागत भनिन्छ ।

$AC = AVC + AFC$

* किन अल्पकालीन औसत लागत वक्ररेखा 'U' आकारको हुन्छ !



1. औसत स्थिर लागतको आधारमा (Basis of AFC)
उत्पादन परिमाणमा वृद्धि हुँदै जाँदा AFC क्रमश: घट्दै जान्छ तर शून्य कहिल्यै हुँदैन । उत्पादन परिमाण बढ्दै जाँदा AVC घट्दै गएर न्यूनतम हुन्छ र न्यूनतम भइसकेपछि बढ्न थाल्छ । सुरुमा AVC मा भएको वृद्धिलाई AFC मा भएको कमीले क्षतिपूर्ति गर्ने गरेकोले AC क्रमश: घट्दै जान्छ । अन्तमा AVC मा भएको वृद्धि AFC मा भएको कमीभन्दा धेरै हुने भएकोले AC बढ्न थाल्छ ।

2. परिवर्तनशील अनुपातको नियमको आधारमा (Basis of law of variable proportions)
उत्पादनमा परिवर्तनशील अनुपातको नियम लागु हुने भएकोले AC वक्ररेखा अङ्ग्रेजी अक्षर U आकारको भएको हो । यस नियमअनुसार सुरुको अवस्थामा स्थिर साधन र परिवर्तनशील साधनको प्रयोगबाट कुल उत्पादन बढ्ने दरमा बढ्ने भएकोले AC घट्दै जान्छ । जुन बिन्दुमा स्थिर साधन र परिवर्तनशील साधनको आदर्शतम संयोजन हुन्छ, त्यसबिन्दुमा AC न्यूनतम हुन्छ । AC न्यूनतम भएपछि पनि उत्पादन बढाउन स्थिर साधन क्षमताभन्दा बढी प्रयोग हुने भएकोले लागत बढ्न गई AC पनि बढ्न थाल्छ जसले गर्दा AC अङ्ग्रेजी अक्षर U आकारको हुन्छ ।

3. साधनहरूको अविभाज्यता (Indivisibility of factors)
उत्पादनका केही साधनहरू विभाजन गर्न नमिल्ने भएकोले AC वक्ररेखा U आकारको हुन्छ ।

Unit - 4

U.I

## मूल्य तथा उत्पादन परिमाण निर्धारणको सिद्धान्त

फर्म (Firm) : वस्तु तथा सेवाहरू उत्पादन गर्ने एकाइलाई फर्म भनिन्छ। जस्तै : चाउचाउ फ्याक्ट्री।


उद्योग (Industry) : कुनै पनि कच्चा पदार्थलाई प्रशोधन गरी नयाँ वस्तु उत्पादन गर्ने वा सेवा प्रदान गर्ने संस्थालाई उद्योग भनिन्छ। जस्तै : चिनी उद्योग, पर्यटन उद्योग, सिमेन्ट उद्योग आदि हुन्।

* पूर्ण प्रतिस्पर्धाअन्तर्गत फर्मको सन्तुलन

समान मूल्यमा समरूपी वस्तुहरू बिक्रि गर्ने धेरै क्रेता तथा विक्रेताहरू भएको र व्यक्तिगत फर्महरूबिच प्रतिद्वन्द्विता रहित रहेको बजार संरचनालाई पूर्ण प्रतिस्पर्धाको बजार भनिन्छ।

कुनै पनि फर्म त्यस बिन्दुमा सन्तुलन अवस्थामा पुग्छ जहाँ कुल आय (TR) र कुल लागत (TC) बिचको अन्तर अधिकतम हुन्छ।

यसलाई निम्न रेखाचित्रको मद्दतले प्रस्तुत गर्न सकिन्छ।





माथिको रेखाचित्रमा x- अक्षमा उत्पादन परिमाण र y- अक्षमा कुल आय र कुल लागत मापन गरिएको छ। TR र TC बिचको अन्तर ठाडो दुरीद्वारा मापन गरिन्छ। $OQ_1$ उत्पादन स्तरसम्म, कुल लागत कुल आयभन्दा बढी भएकाले फर्मले घाटा बेहोर्नु पर्छ। $OQ_1$ र $OQ_3$ उत्पादन स्तरको बीचमा कुल आय र कुल लागतभन्दा बढी भएकाले फर्म नाफामा रहन्छ। फर्मले $OQ_2$ उत्पादन स्तरमा अधिकतम फर्म $OQ_2$ उत्पादन स्तरमा बिन्दु E मा सन्तुलन अवस्थामा पुग्छ, जुन π वक्र नाफा वक्र द्वारा प्रस्तुत गरिन्छ। तब नाफा कमाउँछ, जुन ठाडो दुरी MN द्वारा देखाइन्छ।

* **एकाधिकार अन्तर्गत फर्मको सन्तुलन**

एकाधिकार यस्तो बजार संरचना हो जहाँ एउटा वस्तुको मात्र उत्पादक वा विक्रेता हुनुको साथै उक्त वस्तुको निकट प्रतिस्थापन वस्तुको पनि अभाव हुन्छ, त्यसलाई एकाधिकार बजार भनिन्छ।

कुनै पनि फर्म त्यस बिन्दुमा सन्तुलन अवस्थामा पुग्छ, जहाँ कुल आय (TR) र कुल लागत (TC) बिचको अन्तर अधिकतम हुन्छ। यसलाई निम्न रेखाचित्रको मद्दतले प्रस्तुत गर्न सकिन्छ।




माथिको रेखाचित्रमा x- अक्षमा उत्पादन परिमाण र y- अक्षमा कुल आय र कुल लागतलाई मापन गरिएको छ । उत्पादन $OQ_1$ भन्दा कम र $OQ_3$ भन्दा बढी गर्दा TR भन्दा TC बढी हुने भएकोले एकाधिकारी फर्मले घाटा व्यहोर्नुपर्दछ । उत्पादन परिमाण $OQ_1$ र $OQ_3$ हुँदा TR र TC बराबर हुने भएकोले बिन्दु A र B सम आय-लागत वा पारबिन्दु हुन जहाँ नाफा हुँदैन र घाटा पनि हुँदैन । बिन्दु A र B को बिचको अवस्थामा उत्पादन गर्दा TC भन्दा TR बढी हुने भएकोले यी दुई बिन्दुको बिचमा रहेर उत्पादन गर्दा एकाधिकारी फर्मले नाफा आर्जन गर्दछ । $OQ_2$ परिमाण उत्पादन हुँदा TR र TC बिचको ठाडो दुरी अधिकतम भएकोले $OQ_2$ परिमाण उत्पादन गर्दा अधिकतम नाफा प्राप्त हुन्छ । तसर्थ $OQ_2$ परिमाण उत्पादन गर्दा एकाधिकारी फर्म सन्तुलनमा हुन्छ र अधिकतम नाफा पनि आर्जन गर्दछ ।

* सिमान्त आय र सिमान्त लागत विधि

1. पूर्ण प्रतिस्पर्धा अन्तर्गत फर्मको सन्तुलन

समान मूल्यमा समरुपी वस्तुहरु खरिद बिक्रि हुने, धेरै क्रेता तथा बिक्रेताहरु भएको र व्यक्तिगत फर्महरुबिच प्रतिद्वन्द्विता रहित बजार संरचनालाई पूर्ण प्रतिस्पर्धाको बजार भनिन्छ । यस बजार अन्तर्गत फर्मले उद्योगले निर्धारण गरेको मूल्यमा जति पनि परिमाण बिक्रि गर्न सक्दछ । त्यसैले फर्म स्वीकारक हुन्छ यस विधि अन्तर्गत फर्म सन्तुलन हुनको लागि निम्न दुई सर्त पूरा हुनुपर्दछ :

1. सीमान्त आय र सिमान्त लागत बराबर हुनुपर्दछ ।
2. MC वक्ररेखाले MR वक्ररेखालाई तलबाट काटेको हुनुपर्दछ ।





माथिको रेखाचित्रमा x-अक्षमा उत्पादन परिमाण र y-अक्षमा सिमान्त आय र सिमान्त लागत लाई मापन गरिएको छ। mc वक्ररेखाले mR वक्ररेखालाई बिन्दु A र E काटेको छ। त्यसैले mR र mc बराबर छन तर बिन्दु A मा mc वक्ररेखाले mR रेखालाई माथिबाट काटेको छ। त्यसैले बिन्दु A सन्तुलनको पहिलो सर्त पुरा भएपनि दोस्रो शर्त पुरा भएको छैन।

## 2. एकाधिकारअन्तर्गत फर्मको सन्तुलन

एकाधिकार त्यस्तो बजार संरचना हो, जहाँ एउटा वस्तुको मात्र उत्पादक वा विक्रेता हुनुका साथै उक्त वस्तुको निकट प्रतिस्थापन वस्तुको पनि अभाव हुन्छ, त्यसलाई एकाधिकार बजार भनिन्छ।

यसका दुई वटा सर्तहरु निम्न छन :

1. mR र mc बराबर हुनुपर्दछ।
2. mc वक्ररेखाले mR वक्ररेखालाई तलबाट काटेको हुनुपर्दछ।




माथिको रेखाचित्रमा x - अक्षमा बिक्री परिमाण र y - अक्षमा TR, AR र MR लाई मापन गरिएको छ। कुल आय केन्द्रगम बिन्दुबाट सुरु भई बढ्दै गईरहेको छ। चौथो एकाइमा पुगे पछि कुल आय उच्च बिन्दुमा पुगेको छ। त्यसपछि बिक्री परिमाण बढ्दै जाँदा कुल आयमा गिरावट आउँछ। AR वक्ररेखा निरन्तर रूपले घटिरहेको छ। तर ऋणात्मक हुँदैन। त्यसैगरी MR वक्ररेखा चाँहि घट्दै ऋणात्मक बिन्दुमा पुग्छ।

Q.N.1 $TR = 100Q - 4Q^2$

$AR = ?$

$MR = ?$

$$AR = \frac{TR}{Q}$$

$$= \frac{100Q - 4Q^2}{Q}$$

$$= 100 - 4Q$$

$$MR = \frac{d\,TR}{dQ}$$

$$= \frac{d(100Q - 4Q^2)}{dQ}$$

$$= \frac{d(100Q)}{dQ} - \frac{d(4Q^2)}{dQ}$$

$$= 100 - 8Q$$ //

Q.N.2 $TR = 12Q - 3Q^2$

$AR = ?$

$MR = ?$

$$AR = \frac{TR}{Q}$$

$$= \frac{12Q - 3Q^2}{Q}$$

$$= 12 - 3Q$$

पाठ : ३

# लागत रेखाहरू
# Cost curves

## लागत (cost)

कुनै उद्योगले वस्तु उत्पादन गर्दा हुने मौद्रिक खर्चलाई लागत भनिन्छ ।

## लागतको प्रकारहरू

### १. स्थिर लागत (fixed cost)

उत्पादनका स्थिर साधनहरूमा लाग्ने खर्चलाई स्थिर लागत भनिन्छ । जस्तै उदाहरणका लागि भवनको लागत, स्थायी कर्मचारीको तलब, बीमा खर्च, पूँजीको ब्याज आदि हुन् ।

### २. परिवर्तनशील लागत (variable cost)

उत्पादन परिमाणसँगै परिवर्तन हुने लागतलाई परिवर्तनशील लागत भनिन्छ । जस्तै उदाहरणलागि मजदुरहरूलाई दिने ज्याला, ढुवानी खर्च आदि हुन् ।

### * व्यक्त / प्रत्यक्ष लागत (Explicit cost)

प्रत्यक्ष रूपमा भुक्तानी गर्नुपर्ने रकमलाई प्रत्यक्ष लागत भनिन्छ । जस्तै ! श्रमिकको ज्याला, ऋणको ब्याज, घरको भाडा आदि हुन् ।

### * अप्रत्यक्ष लागत (Implicit cost)

सिधै नगद भुक्तानी नगरे पनि व्यवसायले भोग्नुपर्ने अवसर लागतलाई अप्रत्यक्ष लागत भनिन्छ । जस्तै ! आफ्नै पूँजी लगानी गरिएको ब्याज, आफ्नै पैसा लगानी गरी होटेल खोलेको आदि) गुमाएको ब्याज

CamScanner

३. कुल लागत (Total cost)

जम्मा सामान किन्दा लागेको खर्चलाई कुल लागत भनिन्छ ।

$$TC = TVC + TFC$$

४. औसत लागत (Average cost)

एउटा वस्तु किन्दा परेको मुल्यलाई औसत लागत भनिन्छ ।

$$AC = \frac{TC}{Q}$$

५. सिमान्त लागत (marginal cost)

कुल लागतमा हुने परिवर्तनलाई सीमान्त लागत भनिन्छ ।

$$MC = TC_2 - TC_1$$

$$TC = TVC + TFC$$


$$AC = \frac{TC}{Q}$$

$$MR = TC_2 - TC_1$$

## long answer questions


14 V.I 2081 set p/Q

| output | TFC | TVC | TC | AC | MC |
|---|---|---|---|---|---|
| 0 | 50 | 0 | 50 | 0 | 0 |
| 1 | 50 | 10 | 60 | 60 | 10 |
| 2 | 50 | 16 | 66 | 33 | 6 |
| 3 | 50 | 20 | 70 | 23.33 | 4 |
| 4 | 50 | 26 | 76 | 19 | 6 |
| 5 | 50 | 35 | 85 | 17 | 9 |
| 6 | 50 | 55 | 105 | 17.5 | 20 |
| 7 | 50 | 90 | 140 | 20 | 35 |
| 8 | 50 | 150 | 200 | 25 | 60 |



15

| Output | TFC | TVC | TC | AC | MC |
|---|---|---|---|---|---|
| 0 | 60 | 0 | 60 | 0 | 0 |
| 1 | 60 | 10 | 70 | 70 | 10 |
| 2 | 60 | 18 | 78 | 39 | 8 |
| 3 | 60 | 21 | 81 | 27 | 3 |
| 4 | 60 | 32 | 92 | 23 | 11 |
| 5 | 60 | 50 | 110 | 22 | 18 |
| 6 | 60 | 84 | 144 | 24 | 34 |
| 7 | 60 | 130 | 190 | 27.14 | 46 |
| 8 | 60 | 190 | 250 | 31.25 | 60 |



AC को MC को सम्बन्ध

① MC = MC बराबर हुन्छ।
② MC = AC U आकारको हुन्छ।
③ जब AC घटिरहेको छ तब MC वक्ररेखा माथितिर जान्छ।
④ जब AC तल आई तब MC माथि आउँछ।


* AC र MC को सम्बन्ध

औसत लागत भनेको एउटा वस्तु बिक्री परेको मूल्यलाई औसत लागत भनिन्छ।

$$AC = \frac{TC}{Q}$$

सिमान्त लागत भनेको कुल लागतमा हुने परिवर्तनलाई सीमान्त लागत भनिन्छ।

$$MC = TC_2 - TC_1$$



AC र MC को सम्बन्धलाई यसरी सङ्क्षेपीकरण गरिएको छ :-

१. AC र MC दुवै कुल लागतबाट गणना गर्नुपर्छ ।
२. AC र MC दुवै अङ्ग्रेजी अक्षर 'U' आकारको हुन्छन् ।
३. जब AC तल खसिरहेको छ भने त्यो भन्दा छिटो MC तल हुन्छ ।
४. जब AC बढिरहेको छ भने MC वक्ररेखा AC भन्दा छिटो माथि जान्छ ।
५. जब AC न्यूनतम हुन्छ , MC र AC बराबर हुन्छ ।
६. AC वक्ररेखाको न्यूनतम बिन्दुमा MC वक्ररेखाले तलबाट काट्छ ।

⇒ श्रम विभाजनका कुनै पाँचओटा फाइदाहरू यस प्रकार छन् ।
1. सही व्यक्ति सही ठाउँमा
2. कामको क्षमतामा वृद्धि
3. गुणस्तर उत्पादन
4. समयको बचत
5. कम लागत

16. उत्पादन सम्भावना वक्ररेखा भनेको के हो ? यसको आकारको बारेमा चर्चा गर्नुहोस् ।
⇒ दुर्लभता स्रोत र अवसर लागतको सम्बन्ध देखाउने वक्रलाई उत्पादन सम्भावना वक्र भनिन्छ। यसको आकार माथिबाट तल झरिरहेको हुन्छ ।

18. नेपालले अँगालेको आर्थिक प्रणाली कुन हो ? उक्त आर्थिक प्रणालीका चारओटा विशेषताहरू व्याख्या गर्नुहोस् ।
⇒ नेपालले अँगालेको आर्थिक प्रणाली

आर्थिक प्रणालीका चारओटा विशेषताहरू यस प्रकार छन् ।
1. स्रोतको स्वामित्व
2. निर्णय गर्ने प्रक्रिया
3. स्रोतहरूको वितरण
4. सरकारको भूमिका

19. मिश्रित अर्थव्यवस्थाका विशेषताहरूको व्याख्या गर्नुहोस् ।
⇒ मिश्रित अर्थव्यवस्थाका विशेषताहरू यस प्रकार छन्।
1. निजी र सार्वजनिक क्षेत्र

२. मूल्य संयन्त्र र मूल्य नियन्त्रण
३. नाफाको उद्देश्य र सामाजिक कल्याण
४. एकाधिकार शक्तिको नियन्त्रण

२०. दुर्लभता र छनौटको उदाहरणसहित व्याख्या गर्नुहोस्।
⇒ दुर्लभता भनेको पूर्ति भन्दा माग बढी भएको अवस्थालाई दुर्लभता भनिन्छ ।

⇒ ~~छनौट भनेको कुनै पनि वस्तु तथा सेवा प्राप्त गर्न~~ छनौट भनेको उपलब्ध सिमित साधनहरूको छनौट गर्ने प्रक्रियालाई छनौट भनिन्छ ।

२१. समाजवादी अर्थतन्त्र भनेको के हो ? यसका विशेषताहरूको व्याख्या गर्नुहोस् ।
⇒ समाजवादी अर्थतन्त्र भनेको समाजको हितको लागि उत्पादन र वितरणका क्रियाकलापहरूबाट राज्यको स्वामित्व र नियन्त्रण भएको आर्थिक प्रणालीलाई समाजवादी अर्थतन्त्र भनिन्छ ।

यसका विशेषता हरु यस प्रकार छन् :
१. साधन र स्रोतमा राज्यको स्वामित्व
२. योजनाबद्ध अर्थव्यवस्था
३. सामाजिक कल्याण
४. आर्थिक समानता

२२. साधनको वितरण भनेको के हो ? व्याख्या गर्नुहोस्।
⇒ साधनको वितरण भनेको कुनै पनि वस्तु तथा सेवालाई विभिन्न स्थान व्यक्ति वा संस्थाहरूमा बाँडफाँड गर्ने प्रक्रियालाई साधनको वितरण भनिन्छ ।

CS CamScanner

२३. अभाव भनेको के हो ? व्याख्या गर्नुहोस् !

→ अभाव भनेको कुनै वस्तु सेवा वा स्रोत आवश्यकता अनुसार उपलब्ध नभएको अवस्थालाई अभाव भनिन्छ जब मानिसको चाहना वा आवश्यकता स्रोतहरूको उपलब्धताभन्दा बढी हुन्छ, त्यही अभाव उत्पन्न हुन्छ।

२४. श्रम विभाजन भनेको के हो ? यसका बेफाइदाहरू व्याख्या गर्नुहोस् !

→ श्रम विभाजन भनेको कामदारको क्षमता अनुसार श्रम विभाजन गर्ने प्रक्रियालाई श्रम विभाजन भनिन्छ

यसका बेफाइदाहरू यस प्रकार छन्।

१. पट्टाइ नीरस
२. जिम्मेवारीको अभाव
३. निर्भरता
४. बेरोजगारीको अभाव

२५. अवसर लागत भनेको के हो ?

→ अवसर लागत भनेको कुनै एउटा वस्तु तथा सेवा प्राप्त गर्दा त्याग गरिने अर्को वस्तु तथा सेवाको परिमाणलाई अवसर लागत भनिन्छ।

२६. उत्पादन सम्भाव्यता वक्ररेखाको सर्नुका कारणहरू के के हुन्, चित्रसहित व्याख्या गर्नुहोस्।

→ उत्पादन सम्भाव्यता वक्र रेखा सर्नुका कारणहरू जस्तै:

१. पूँजीको मौज्दातमा वृद्धि
२. श्रमशक्तिमा वृद्धि
३. समयावधिमा वृद्धि
४. आर्थिक वृद्धिदरमा कमी
५. प्राविधिक सुधार

$TR = P \times Q$

पाठ ! २

## बजार तथा आय रेखाहरु

## Market and Revenue curves

* बजार (Market) : बजार भनेको वस्तु तथा सेवाहरु खरिद बिक्री गर्ने ठाउँलाई बजार भनिन्छ।

* बजारको प्रकारहरु
१. पूर्ण प्रतिस्पर्धा बजार (perfect competition market)
२. एकाधिकार बजार (monopoly market)

१. पूर्ण प्रतिस्पर्धा बजार : एकैखाले सामान भएता पनि थुप्रैजना किन्ने वा बेच्ने व्यक्ति भएको बजार संरचनालाई पूर्ण प्रतिस्पर्धा बजार भनिन्छ।

पूर्ण प्रतिस्पर्धा बजारका विशेषताहरु
१. ठूलो संख्यामा क्रेता र विक्रेता हुन्छ।
२. सरकारी हस्तक्षेप हुँदैन।
३. बजार सम्बन्धी पूर्ण ज्ञान हुन्छ।
४. समरुपी वस्तुको उत्पादन हुन्छ।
५. उत्पादनका साधनहरु पूर्ण रुपमा गतिशील हुन्छन।
६. मूल्य स्थिर हुन्छ।

२. एकाधिकार बजार : एकाधिकार बजार भनेको एक मात्र विक्रेता भएको निकट प्रतिस्थापन वस्तुको अभाव भएको बजार संरचनालाई एकाधिकार बजार भनिन्छ।

एकाधिकार बजारको विशेषताहरु

१. एक मात्र विक्रेता हुन्छ ।

२. वस्तुको मूल्य एकनास हुन्छ ।

३. निकट प्रतिस्थापन वस्तुको उत्पादन हुन्छ ।

४. यसमा क्रेताको संख्या धेरै हो ।

५. मूल्य फरक फरक हुन्छ ।

* आयको अवधारणाहरु

१. कुल आय (Total revenue) : वस्तुको प्रति एकाई मूल्यको बिक्री परिमाणलाई गुणन गर्दा जति जति आय प्राप्त हुन्छ त्यसलाई नै कुल आय भनिन्छ ।

$$TR = P \times Q$$

२. औसत आय (Average Revenue) : कुल आयलाई वस्तुको बिक्री परिमाणले भाग गर्दा औसत आय प्राप्त हुन्छ त्यसलाई नै औसत आय भनिन्छ ।

$$AR = \frac{TR}{Q}$$

३. सिमान्त आय (Marginal Revenue) : वस्तुको थप एक एकाई बिक्री गर्दा कुल आयमा थपिन जाने आयलाई सिमान्त आय भनिन्छ ।

$$MR = \frac{\Delta TR}{\Delta Q}$$

H.W


V.I

आय भनेको कुनै पनि फर्मले उत्पादन गरेको वस्तुलाई बजार मूल्यमा बिक्रि गर्दा प्राप्त हुने मौद्रिक रकमलाई आय भनिन्छ।

## पूर्ण प्रतिस्पर्धाअन्तर्गत कुल आय, औसत आय र सिमान्त आयको सम्बन्ध

पूर्ण प्रतिस्पर्धा बजार भनेको एकैखाले सामान भएता पनि धेरैजना किन्ने वा बेच्ने व्यक्ति भएको बजार संरचनालाई पूर्ण प्रतिस्पर्धा बजार भनिन्छ।

| Q | P | TR | AR | MR |
|---|---|---|---|---|
| 0 | 10 | 0 | - | - |
| 1 | 10 | 10 | 10 | 10 |
| 2 | 10 | 20 | 10 | 10 |
| 3 | 10 | 30 | 10 | 10 |
| 4 | 10 | 40 | 10 | 10 |



माथिको तालिकामा x- अक्षमा बिक्रि परिमाण र y- अक्षमा आयलाई मापन गरिएको छ।

माथिको तालिकामा x- अक्षमा बिक्री परिमाण र y- अक्षमा TR, AR र MR लाई मापन गरिएको छ। TR वक्ररेखा शून्यबाट सुरु भएको छ जसको अर्थ बिक्रि परिमाण शून्य हुँदा कुल आय पनि शून्य हुन्छ। कुल आय माथितिर बढ्दै गईरहेको छ। त्यसैगरी AR र MR वक्ररेखाहरु एकआपसमा खपिएर रहेका छन्। किनकी मूल्य स्थिर छ। त्यसैले AR र MR x- अक्षसंग समानान्तर हुन्छ।

* एकाधिकार बजार अन्तर्गत कुल आय, औसत आय र सिमान्त आयको सम्बन्ध

V.I

कुनै पनि फर्मले उत्पादन गरेको वस्तुलाई बजार मूल्यमा बिक्रि गर्दा प्राप्त हुने मौद्रिक रकमलाई आय भनिन्छ।

एक मात्र बिक्रेता भएको निकट प्रतिस्थापन वस्तुको अभाव भएको बजार संरचनालाई एकाधिकार बजार भनिन्छ।

| Q | P | TR | AR | MR |
|---|---|---|---|---|
| 0 | 10 | 0 | 0 | 0 |
| 1 | 8 | 8 | 8 | 8 |
| 2 | 6 | 12 | 6 | 4 |
| 3 | 4 | 12 | 4 | 0 |
| 4 | 2 | 8 | 2 | -4 |

(unit-4) ५ मानव संसाधन

( Poverty, Inequality, Unemployment & Human Resources)

प्र.नं.१ गरिबी भनेको के हो? यसका प्रकार र विशेषता हरूलाई छोटकरीमा व्याख्या गर्नुहोस्।

उत्तर: गरिबी भनेको त्यस्तो अवस्था हो, जहाँ व्यक्तिहरू आधारभूत आवश्यकताहरू, आधारभूत अवसरहरू र आधारभूत अधिकारबाट वञ्चित हुन्छन्। अथवा, गरिबी एक त्यस्तो अवस्था हो जहाँ व्यक्ति न्यूनतम जीवनस्तर कायम गर्न असक्षम हुन्छ। गरिबी मुख्यतः मुख्यतया दुई प्रकारको हुन्छ :

(क) ~~सापेक्ष~~ निरपेक्ष गरिबी (absolute poverty) :- ~~सापेक्ष~~ निरपेक्ष गरिबी त्यस्तो अवस्था हो जहाँ न्यूनतम/आधारभूत आवश्यकताहरू गाँस, बास र कपास पुरा गर्न नसक्ने अवस्था हो। विश्व बैंकअनुसार $2.90 प्रति दिन आय नभएमा त्यो निरपेक्ष गरिबी हो।

(ख) सापेक्ष गरिबी (Relative Poverty) :- यो गरिबी कुनै दुई पक्ष जस्तै: राष्ट्र-राष्ट्र, व्यक्ति-व्यक्ति, वा समाज-समाजबिच तुलनाको आधारमा देखिएको गरिबी हो। सापेक्ष गरिबी भनेको मानिसका आधारभूत आवश्यकताहरू (गाँस, बास, कपास, स्वास्थ्य शिक्षा) पुरा भएको तर समाज वा राष्ट्रको तुलनामा कम आय भएको गरिबी हो। सापेक्ष गरिबी विकासित देशहरूमा पाइन्छ।

गरिबीका विशेषताहरू :

i) बस्ने स्थान :- ग्रामीण क्षेत्रमा गरिबको बसोबास रहेको हुन्छ। खोलानाला, बाढीपहिरोको उच्च सम्भावनाका क्षेत्र, कम जमिन, शिक्षा र स्वास्थ्यको कमी आदि जस्ता क्षेत्रमा

ii) परिवार ठूलो (Bigger family size) :- गरिबहरुको परिवार ठूलो सङ्ख्यामा हुन्छ । पर्याप्त खाना पोषिल कुको अभावले बाल मृत्युदर बढी हुने भएकोले मृत्युको डरले बढी सन्तान जन्माउँछन् । त्यसकारण गरिबहरुको परिवार ठूलो हुन्छ ।

iii) कृषिमा अत्याधिक निर्भर (More dependent on Agreeculture) :- गरिब परिवार,समाजहरु उचित शिक्षा, सीप, तालिमबाट वञ्चित हुने भएकाले उनीहरु जागिर पाउन असक्षम हुन्छन् । त्यसैले, उनीहरु अन्य सीप नभएकाले कृषिमा मात्र अत्याधिक संलग्न हुन बाध्य हुन्छन् ।

iv) कम आय र कम बचत :- गरिबहरुको आयको स्रोत एकदमै न्यून हुन्छन् । उनीहरु पैसाको कारोबारभन्दा पनि वस्तु विनिमय प्रणालीको बढी प्रयोग गर्दछन् जसले गर्दा आय स्रजनाको स्रोत हुँदैन । त्यसैले गरिबहरुको आय कम हुन्छ । फलस्वरुप बचतमा पनि कमी हुन्छ ।

v) आधारभूत आवश्यकताबाट वञ्चित : गरिबहरुको मुख्य विशेषता नै यहि हो । उनीहरुको बस्ने, खाने, लगाउने कपडा नै हुँदैन । यसका साथसाथै शिक्षा, स्वास्थ्य, जस्ता आवश्यक स्रोतहरुबाट वञ्चित हुन्छन् ।

(१४१)

प्र.नं.२ गरिबीका कारणहरू व्याख्या गर्नुहोस् । (५)
वा,
नेपालमा गरिबीका कारणहरूको बारेमा वर्णन गर्नुहोस् । (५)

उत्तर:- गरिबी भनेको आधारभूत आवश्यकताबाट वञ्चित भएको अवस्था हो जहाँ जीवन निर्वाह गर्न गाह्रो, गास, बास, कपास, शिक्षा, स्वास्थ्य जस्ता आवश्यकताहरूको अभाव भएको छ । गरिबी आर्थिक विपन्नता मात्र नभई भौतिक, सामाजिक र शैक्षिक स्तरको कमी पनि हो । गरिबीका कारणहरू निम्नानुसार छन् उल्लेख र तिनको वर्णन गरिएको छ ;

i) उच्च जनसङ्ख्या वृद्धिदर,
ii) बेरोजगारी तथा अर्धबेरोजगारी,
iii) कृषिमा निर्भरता,
iv) विकासका पूर्वाधारहरूको कमी,
v) राजनीतिक अस्थिरता,
vi) हिंसा,
vii) जलवायु परिवर्तन,
viii) सामाजिक तथा संस्कृतिक पक्षहरू,
ix) भोक र कुपोषण,
x) असमानता र सीमान्तीकरण,
xi) भण्डारणको अभाव ।

i) उच्च जनसङ्ख्या वृद्धिदर :- जनसङ्ख्याको वृद्धिदर उच्च हुनाले गरिबीको सृजना हुने गर्दछ। उच्च जनसङ्ख्या वृद्धिको कारण खाद्यान्नमा कमी, आयस्तरमा कमी, जग्गाको कमी हुँदै जाने भएकाले परनबाट गरिबीको जन्म हुन्छ । त्यसैले वातावरण, सामाजिक मूल्य मान्यतामा खलबलिन गई मानिस-को जीवन कष्टकर हुन्छ । जलवायुस्वरूप मूलतः बेरोजगार गरिबी बढाउने गर्दछ ।

gurukul

ii) बेरोजगारी तथा अर्धबेरोजगारी :- जनसङ्ख्या वृद्धिको कारणले बेरोजगारीमा वृद्धि हुन्छ। नेपालमा कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग, व्यापारको प्रगती नहुनु, गैर-कृषिको कम विकास हुनु आदि समस्या छन्। यसले गर्दा देशमा गरिबी सृजना गर्दछ। फलस्वरूप बेरोजगारीले गर्दा गरिबी निम्त्याउँछ।

iii) कृषिमा अत्याधिक निर्भर :- नेपाल एक कृषि प्रधान देश हो। कृषिलाई एक जीवन निर्वाहको प्रमुख खेतीको रूपमा लिइएको पाइन्छ र कृषि मनसुनमा आधारित छ। कृषिमा अत्याधिक मानिसहरू संलग्न छन् भने अन्य क्षेत्रमा त्यति संलग्नता छैनन्। कृषिमा न आधुनिकीकरण छ न व्यावसायीकीकरण छ। यसमा बेरोजगारी अधिक देखिन्छ र जसले गरिबी सृजना गरेको देखिन्छ।

iv) विकासका पूर्वाधारहरूको अभाव :- नेपाल जस्ता अल्पविकासित देशहरूमा गरिबी बढ्नुको मुख्य कारण विकासका पूर्वाधारहरू जस्तै: शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, यातायात, बिजुली, सञ्चार आदिको अभाव हुनु पनि हो। विकासका पूर्वाधारहरूको विकास सँगसँगै गरिबी घट्दै जाने हुन्छ तर यी सुविधाको अभावले गरिबी बढिरहेको छ।

v) राजनैतिक अस्थिरता :- देशमा राजनैतिक अस्थिरता एवं शान्ति सुरक्षाको कमीले विकासका योजनाहरू अघि बढाउन सक्दैनन्। बारम्बार सरकार परिवर्तन हुने, कमजोर शान्ति सुरक्षा, भ्रष्टाचारी नेता र कुशासनको कारण देशको अर्थतन्त्र खस्किरहेको छ। जसले गर्दा गरिबी घटाउने नीति बनाए पनि त्यसको लागु।

हुन नसक्ने अवस्थामा छ। यसले गरिबी बढाइरहेको छ।

vi) द्वन्द्व :- द्वन्द्वले मुलुकभित्रको जनतामाथि सरकारमा रहेको विश्वासको कमीलाई जनाउँछ। द्वन्द्वले समाज वा राष्ट्रमै ठूलो प्रभाव पार्दछ। द्वन्द्वले गर्दा आवश्यक संरचना नष्ट हुने, किसानहरु खेती गर्न बाट पछि हट्ने, भेदभाव सृजना हुने गर्दछ। जसले गर्दा पुरै समाजलाई गरिबीतर्फ धकेल्दछ।

vii) जलवायु परिवर्तन :- जलवायु परिवर्तन गरिबीको एक प्रमुख कारण हो। जलवायु परिवर्तनले प्राकृतिक प्रकोपहरु (खडेरी, अतिवृष्टि, अनावृष्टि) उत्पन्न भई विभिन्न प्रजातिहरुको लोप, कृषिमा हानी पुर्याउँदछ। जसले गर्दा मानिसहरुलाई गरिबीतर्फ धकेल्दछ।

viii) सामाजिक तथा सांस्कृतिक पक्षहरु :- परम्परागत सोच, संस्कृति, सामाजिक विभेदीकरण, लैङ्गिक भिन्नता, जातजातिबीच फरकपन जस्ता कारणहरुले गर्दा समाजमा असमानता सिर्जना उत्पन्न हुन्छ। फलस्वरुप असमानताले गरिबी निम्त्याउँछ।

ix) भोक र कुपोषण :- भोकमरीले गरिबी निम्त्याउँछ। खानाको कमीले विभिन्न रोगहरु उत्पन्न हुन्छन् जसले उसको कार्यक्षमतामा नकारात्मक असर पार्दछ। जसबाट आम्दानी उच्च हुने सम्भावनाले [illegible] हीन हुन्छ। भोक र कुपोषणले उनीहरुको शारीरिक र मानसिक स्वास्थ्यमा नकारात्मक असर पुर्याउँदछ ~~जसले~~ जसले गर्दा गरिबी उत्पन्न हुन्छ।

प्र.नं.३. गरिबी घटाउने / न्यूनीकरण गर्ने उपायहरु व्याख्या गर्नुहोस् । (५)
अथवा
गरिबी निवारणका लागि सरकारले गरेका प्रयासहरुको लेखाजोखा गर्नुहोस् ।

उत्तर: नेपाल जस्ता विश्वका धेरै सबै विकासोन्मुख देशहरुमा गरिबी एक ग‌म्भीर समस्याको रुपमा लिइन्छ। विकास अवरोधको कारण नै गरिबी हो। अति विकसित देशहरुले पनि गरिबी निवारणमा बढी ध्यान दिएको पाइन्छ। गरिबी अर्थतन्त्र / विश्वकै मुख्य समस्या भएकाले यसको समाधान / निवारण / न्यूनीकरण गर्न आवश्यक उपायहरु अपनाउनुपर्दछ। केही उपायहरु निम्नानुसार छन्:

i) जनसङ्ख्या नियन्त्रण,
ii) रोजगारीका अवसरहरुको सृजना,
iii) कृषिमा आधुनिकीकरण र व्यावसायीकरण,
iv) विकासका पूर्वाधारहरुको विकास,
v) सामाजिक विभेदको अन्त्य,
vi) राजनीतिक स्थिरता कायम,
vii) लक्षित विकासका कार्यक्रम सञ्चालन,
viii) मानव पूँजीमा लगानी,
ix) विभिन्न ~~संस्थाको~~ वित्तीय संस्थाको स्थापना,
x) प्रविधिमैत्री समाज एवं राष्ट्रको निर्माण,

i) जनसङ्ख्या नियन्त्रण :- उच्च जनसङ्ख्याका कारण खाद्यान्न, लत्ताकपडा, बेरोजगारीमा वृद्धि हुन्छ। प्राकृतिक स्रोतसाधनले धान्न सक्ने किसिमको जनसङ्ख्या हुनुपर्दछ। उपलब्ध विकासका स्रोतसाधन अनुरुप जनसङ्ख्या हुनुपर्दछ। यदि भएन अथवा स्रोतसाधन र जनसङ्ख्याबिच सन्तुलन कायम भएन भने

गरिबी सृजना हुन्छ। त्यसैले स्रोतसाधन र जन- सङ्ख्याबीच सन्तुलन गराउनुपर्छ।

ii) रोजगारीका अवसरहरूको सृजना :- गरिबी घटाउनको लागि देशमा बेरोजगारीको अन्त्य गर्नुपर्छन र बेरोजगारी घटाउन / अन्त्य गर्न रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ। यसबाट सबैले आम्दानीको स्रोत प्राप्त गर्न गरेर आफ्ना आवश्यकता परिपूर्ति सजिलैसँग गर्न सक्छन्।

iii) कृषिमा आधुनिकीकरण र व्यावसायिकरण :- अहिलेको युग प्रविधिको युग हो। श्रमशक्ति भन्दा पनि प्रविधि / पूँजीयुक्तिको प्रयोग गर्नुपर्छ। कृषि उत्पादन गर्ने कार्य मेशिन तथा उपकरणबाट गर्ने व्यवस्था गरिनुपर्छ। यसका साथै कृषिका लागि सिंचाई, उन्नत बिउ, मल, किटनाशक औषधी सुपथ मूल्यमा पाइने व्यवस्था र कृषिबाट उत्पादित वस्तु तथा सेवालाई सजिलैसँग बजारसम्म पुऱ्याउने व्यवस्था हुनुपर्छ। यसले श्रमिकलाई एवं किसानलाई कम लागत, कम श्रममा सजिलैसँग काम गरी फाइदा लिन सक्छन्। जसबाट गरिबी कम गर्न सकिन्छ।

iv) विकासका पूर्वाधारहरूको विकास :- ग्रामीण क्षेत्रमा यातायात, खानेपानी, शिक्षा, स्वास्थ्य, सञ्चार आदि जस्ता विकासका पूर्वाधारहरूको विकास गरिनुपर्छ। यसले ग्रामीण जनताको जीवन स्तर एवं कार्यक्षमतालाई वृद्धि गराई उक्त क्षेत्रको विकास गर्न मद्दत गर्दछ।

v) सामाजिक सुधार एवं रूपान्तरण :- नेपाल जस्ता अल्पविकसित देशहरूमा छुवाछुत, भेदभाव, महिला सशक्तिकरण, अन्धविश्वास, नकरात्मक सोचाइ, भ्रष्ट प्रशासन, बाल विवाह आदिको कारणले गरिबी बढ्छ। त्यसैले गरिबीलाई कम गर्नका लागि यी यस्ता तत्वहरूमा आमूल परिवर्तनको आवश्यकता पर्दछ।

vi) राजनैतिक स्थिरता :- देशको सरकार परिवर्तनले देश तथा समाजमा ठूलो परिवर्तन निम्त्याउँछ। बारम्बार सरकार परिवर्तन हुनाले नीति पनि परिवर्तन हुन गई्छन्। यसले गर्दा विकासको योजना असफल हुने, सरकार तथा प्रशासन कमजोर एवं भ्रष्ट हुन गर्दछ। त्यसैले गरिबी निवारणका लागि स्थिर राजनैतिक प्रणालीको निर्माण गरिनुपर्दछ।

vii) वित्तीय संस्थाको स्थापना :- गरिबी निवारण गर्ने अर्को मुख्य उपाय वित्तीय संस्थाहरूको स्थापना पनि हो। ग्रामीण क्षेत्रमा विपन्न वर्गलाई विना धितो, सस्तो ब्याजदरमा ऋण प्रवाह गराउने, उनीहरूको बचत एवं लगानी गराइदिने संस्थाको विकास गर्नुपर्दछ। यस अन्तर्गत लघुवित्त, सहकारी संस्था, लगानी बैंक आदि पर्दछन्। यिनीहरूले गरिब तथा विपन्न परिवारलाई कर्जा दिने, उत्पादनमूलक कार्यक्रमहरू सिर्जना गर्ने गर्दछन्। यसबाट यसरी यसबाट गरिबी निवारण गर्न सकिन्छ।

प्र.नं.४ ~~आर्थिक~~ असमानता भनेको के हो? असमानताका कारणहरु व्याख्या गर्नुहोस्। (१+४) or, (-५)

उत्तर: आर्थिक असमानता भनेको आय तथा सम्पत्तिको वितरणमा भएको विभेद नै हो। आय तथा सम्पत्तिको असमान वितरण नै असमानता हो। जब व्यक्ति, समूह, समुदाय एवं राष्ट्रबीच आम्दानी र सम्पत्तिको वितरणमा फरक देखिन्छ। त्यसलाई नै आर्थिक असमानता भनिन्छ। आर्थिक असमानता पनि अल्पविकसित देशको एक प्रमुख चुनौती हो। नेपालमा आर्थिक असमानताका कारणहरु निम्नलिखित वर्णन गर्न सकिन्छ;

i) कर (Tax)
ii) शिक्षा (Education)
iii) विश्वव्यापीकरण (globalization)
iv) राजनैतिक अस्थिरता (political Instability)
v) लैङ्गिक विभेद (Gender Discrimination)
vi) बेरोजगारी (unemployment)
vii) श्रमबजारको प्रकृति (labour market)
viii) पैतृक सम्पत्ति (Ancestral property)
ix) निजी सम्पत्तिको प्रणाली (Private Property System)

यिनीहरुलाई छोटकरीमा व्याख्या गरिएको छ;

i) कर:- सरकारले लगाउने प्रत्यक्ष एवं अप्रत्यक्ष करले पनि आर्थिक असमानता सृजनामा वृद्धि भएको छ। समानुपातिक प्रणालीले गर्दा धनी र गरीबलाई समान कर लाग्दछ जसले गर्दा गरीबहरुलाई करको भार बढी हुन्छ। ...

अति आवश्यक वस्तु तथा सेवाहरूमा पनि कर लाग्ने भएकाले कम आय भएका व्यक्तिहरूलाई बढी मार पर्दछ। यसले गर्दा आर्थिक असमानता सिर्जना हुन्छ।

ii) शिक्षा :- शिक्षा ज्ञानको स्रोत हो। यसले मानिसलाई सीप एवं दक्षता सिकाउँदछ तर सबैले समान खालको अवसर प्राप्त गरेका हुँदैनन्, जसले गर्दा कसैले धेरै उच्च ज्ञान त कसैले न्यून ज्ञान प्राप्त गरेका हुन्छन्। यसले गर्दा आयमा, शिक्षित र अशिक्षितबिच आर्थिक असमानता पैदा हुन्छ।

iii) विश्वव्यापीकरण :- वर्तमान समयमा विश्वव्यापीकरण गर्दा विभिन्न प्रविधि तथा उपकरणहरूको विकास भइसकेको छ जसले श्रमिकको मात्रालाई घटाएको छ। यसले गर्दा दक्ष श्रमिक र अदक्ष श्रमिकहरूको ज्यालामा अन्तर फराकिलो पार्दछ। तसर्थ, यसले असमानता पैदा गर्दछ।

iv) राजनैतिक अस्थिरता :- नेपाल जस्ता अल्पविकसित देशहरूमा राजनैतिक अस्थिरता प्रमुख समस्या हो। यसले गर्दा पूँजीपतिमा छुट हुने, वर्ग सङ्घर्ष सृजना हुने गर्दछ, जसले जसबाट असमानता उत्पन्न हुन्छ।

v) लैङ्गिक विभेद :- सामाजिक, सांस्कृतिक पक्षहरूले पनि आर्थिक असमानता पैदा गर्दछ। छुवाछुत, भेदभाव, अन्धविश्वास, महिला सशक्तिकरण आदिको कारणले तल्लो वर्ग वा दमन गरिएका व्यक्तिहरूको ज्याला कम गर्नु, शोषण गर्नु, बालिघरे प्रथा लगाउनु आदिले गर्दा आयमा असमान-

Dhangadhi, Kailali
आज वि.सं. २०८२ भाद्र ११ बुधबार
समय : ०८:३५ AM (Morning)

vi) बेरोजगारी :- बेरोजगारी पनि आर्थिक असमानताको प्रमुख कारण हो। बेरोजगारीहरूका आय स्रोत नभएकाले तिनीहरूको बचत पनि घट्दै गइरहेको छ। बेरोजगारीबाट गरिबी र आर्थिक असमानता पैदा हुन्छ।

vii) श्रमबजारको प्रकृति :- आजको श्रमबजार अपूर्ण प्रतिस्पर्धात्मक छ। यसमा सूचना, प्रविधिको पहुँचको कमीले गर्दा सबैले उचित स्थान हासिल गर्न सकेका हुँदैनन्। यसले गर्दा उत्पादकले श्रमिकलाई ठगी गर्दछन्। जसले गर्दा आर्थिक असमानता सिर्जना हुन्छ।

viii) पैतृक सम्पत्ति :- आमाबुवाको मृत्युपश्चात सम्पत्तिको मालिक तिनीहरूका सन्तान हुन्छन्। त्यसैले, धनीका बच्चाहरूसँग धेरै सम्पत्ति छ जबकि गरिब परिवारका बच्चाहरूसँग थोरै सम्पत्ति हुन्छन् जसबाट सम्पत्तिको असमान वितरण सिर्जना हुन्छ।

यसरी, आर्थिक असमानता आजको प्रमुख समस्या हो। यसलाई न्यूनीकरण गर्नु आवश्यक छ। जसका लागि रोजगारीमा वृद्धि, राजनीतिक स्थिरता, सहुलियत कर, कृषिमा आधुनिकीकरण जस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ।

प्र.नं.२ आर्थिक असमानता घटाउने / न्यूनीकरण गर्ने उपायहरु वर्णन गर्नुहोस्। (५)

उत्तर: आर्थिक असमानता अल्पविकसित देशहरुको एक प्रमुख समस्या हो। यसले गर्दा गरिबी, जनतामा वृद्धि, भेदभाव, छुवाछुतमा वृद्धि हुने, मृत्युदरमा वृद्धि हुने जस्ता समस्याहरु सिर्जना भइरहेका छन्। त्यसैले आर्थिक असमानताको न्यूनीकरणका लागि विशेष रणनीति अपनाउनुपर्दछ। केही उपायहरु यस प्रकार छन्:

i) सुहाउँदो कर प्रणाली,
ii) गुणस्तरीय शिक्षाको समान वितरण,
iii) रोजगारीका अवसरहरु सिर्जना
iv) सामाजिक सुरक्षामा वृद्धि,
v) महिला सशक्तिकरणको अवलम्बन,
vi) न्यूनतम ज्याला दर,
vii) निम्नवर्गका समुदायलाई सहयोग,
viii) राजनीतिक स्थिरता।

i) सुहाउँदो कर प्रणाली :- आर्थिक असमानता कम गर्ने एउटा प्रमुख उपाय अर्थतन्त्रमा उपयुक्त कर प्रणाली लागु गर्नु हो। सरकारले सबै वर्गलाई समान कर नलगाई न्यून आयमा न्यून कर र उच्च आयमा उच्च कर लगाउनुपर्दछ। यसले गर्दा आयको वितरणमा समानता ल्याउन मद्दत गर्दछ।

ii) सबैमा गुणस्तरीय शिक्षा :- देशमा रहेका सबैलाई विशेषगरी ग्रामिण भेगका व्यक्तिहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरेर उनीहरुको ज्ञान, सीप, दक्षतामा अभिवृद्धि गरी नयाँ नयाँ रोज-

-गारीका अवसरहरु सृजना गर्नै भएकाले आयमा वृद्धि हुन्छ। जसबाट आयमा वृद्धि भई समानता ल्याउँदछ।

(ii) लगानी तथा रोजगारीका अवसर सिर्जना:- देशमा प्रशस्त मात्रामा लगानी र रोजगारीका अवसर सृजना गरिनुपर्दछ। यसका लागि सरकारले उचित वातावरण सृजना गर्नुपर्दछ। यसबाट रोजगारीमा वृद्धि हुने, आयमा वृद्धि हुने गर्दछ। यसले आय असमानता हटाउन मद्दत गर्दछ।

(iii) सामाजिक सुरक्षामा वृद्धि :- विशेषगरी समाजमा पछाडि परेका, दमन गरिएका ~~समूहहरूका~~ व्यक्तिहरूको समूह पहिचान गरी सरकारले विभिन्न आर्थिक तथा अन्य सहयोग गर्नुपर्दछ। यसमा गरिबी निवारणका लागि ~~वृद्धि~~ ~~वृ~~ वृद्ध, विधवा, अशक्त भत्ताको व्यवस्था सरकारले गर्नु पर्दछ। जसबाट गरिबीको अन्त्य भई समानता वृद्धि हुन्छ।

(iv) सामाजिक सुधार :- सामाजिक समस्या गरिबी तथा असमानताको प्रमुख समस्या हो। समाजमा लोकिक विभेद, छुवाछुत, अन्धविश्वासले गर्दा ~~क~~ कुनै वर्ग र सानो वर्ग भनी निर्माण भएको छ। यसको उचित समाधान गर्न जरुरी छ। यसका लागि सबैमा समान शिक्षा, मानव अधिकारको निर्माण, पालना र सामाजिक न्यायको व्यवस्था गर्नुपर्दछ। यसबाट सबैमा समान वर्गको विकास भई असमानता हटाउन सहयोग हुन्छ।

प्र.नं. ६ बेरोजगारी भनेको के हो? बेरोजगारीका प्रकारहरूलाई छोटकरीमा व्याख्या गर्नुहोस्। (२+६)

⇒ यदि कुनै व्यक्ति काम गर्न इच्छुक, योग्य र तत्पर हुन्छ तर उसले काम पाएको हुँदैन भने त्यस्तो अवस्थालाई बेरोजगारी भनिन्छ। तर यदि कुनै व्यक्तिले आफ्नो शिक्षा हासिल गर्न आफ्नो जागिर छोडेमा त्यो व्यक्ति बेरोजगारीको दायरामा पर्दैन, किनकि उक्त व्यक्तिले जागिर खोजिरहेको हैन। बेरोजगारीलाई बेरोजगारीको दरको सहयोगमा मापन गरिन्छ। बेरोजगारीको दर निम्नानुसार गणना गर्न सकिन्छ:

$$\text{बेरोजगारीको दर} = \frac{\text{बेरोजगार व्यक्तिहरूको सङ्ख्या}}{\text{श्रमिक सङ्ख्या}}$$

जहाँ,

श्रमिक सं. = रोजगार भएका व्यक्तिहरूको सं. + बेरोजगार भएका व्यक्तिहरूको सं.

बेरोजगारीका प्रकारहरूलाई निम्नानुसार उल्लेख सहित व्याख्या गर्न सकिन्छ।

**बेरोजगारीका प्रकार**

(क) स्वैच्छिक बेरोजगारी (voluntary unemployment)

(खुला बेरोजगारी = बेरोजगारी)

(ख) अनैच्छिक बेरोजगारी (Involuntary un.)

- अ. घर्षणात्मक बे.
- आ. संरचनात्मक बे.
- इ. मौसमी बे.
- ई. चक्रिय बे.
- उ. अदृश्य बे.

(क) स्वैच्छिक बेरोजगारी :- कुनै अर्थतन्त्र वा राष्ट्रमा व्यक्ति काम गर्न इच्छुक छ तर ज्यालामा इच्छुक छैन भने त्यस्तो बेरोजगारीलाई स्वैच्छिक बेरोजगारी भनिन्छ। उदाहरणका लागि, रामलाई पकाउन इच्छा छ तर उसलाई आफ्नो ज्यालाप्रति इच्छुक छैन भने राम स्वैच्छिक बेरोजगारीभित्र पर्दछ।

(ख) अनैच्छिक बेरोजगारी :- काम गर्न इच्छुक छ, आफ्नो ज्यालाप्रति पनि इच्छुक छ तर काम नपाएको बेरोजगारी / अवस्थालाई नै अनैच्छिक बेरोजगारी भनिन्छ। अनैच्छिक बेरोजगारी विभिन्न प्रकारको हुन्छ। तीमध्ये केही प्रकारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(अ) घर्षणात्मक बेरोजगारी :- श्रमिक वा कामदारहरूले नयाँ जागिर खोजिरहेको समयमा एक जागिरबाट अर्को जागिरमा परिवर्तन हुँदाखेरी बिचमा रहेको खाली समयावधिको बेरोजगारी नै घर्षणात्मक (Friction) बेरोजगारी भनिन्छ।

(आ) संरचनात्मक बेरोजगारी :- व्यक्तिहरूसँग भएको ~~सीप र आधार~~ ज्ञान तथा सीप र आवश्यक परेको सीप तथा ज्ञानको अन्तर बाट सृजना भएको बेरोजगारी नै संरचनात्मक बेरोजगारी हो।

[illegible] २०७२ भाद्र १२

(इ) **मौसमी बेरोजगारी** :- जब वर्षको निश्चित समयमा विशेष गरी मौसममा आएको परिवर्तनले गर्दा मागको अभावले गर्दा सृजना हुने बेरोजगारी नै मौसमी बेरोजगारी भनिन्छ।

(ई) **चक्रिय बेरोजगारी** :- यस्तो बेरोजगारी अर्थतन्त्रमा व्यापार चक्र र आर्थिक मन्दीका कारण आउँछ। यस्तो अवस्थामा उत्पादन बिक्री परिमाण कम हुने र वस्तु तथा सेवाको मूल्य घटाउनुपर्ने अवस्थामा सृजना हुने बेरोजगारी नै चक्रिय बेरोजगारी (Cycle) भनिन्छ।

(उ) **अदृश्य / लुप्त बेरोजगारी** :- मानिसहरु देखिने रूपमा कार्यरत हुन्छन् तर वास्तवमा बेरोजगार हुन्छन्। कुनै काम गर्दा प्रत्युत व्यक्तिको खासै आवश्यकता छैन तर पनि उ त्यो काममा छ भने उक्त व्यक्ति लुप्त बेरोजगारी भित्र पर्दछ।

प्र.नं.७ बेरोजगारीका कारणहरु व्याख्या / वर्णन / मूल्याङ्कन गर्नुहोस्। (५) (VVI)

उत्तर: नेपालको सन्दर्भमा बेरोजगारीको दर दिन प्रतिदिन बढ्दै गइरहेको छ। सरकारले विभिन्न क्षेत्रको प्रभावकारी रूपमा विकास गर्न नसकेकै कारणले बेरोजगारी बढेको छ। नेपाल जस्ता विकासशिल राष्ट्रहरुमा बेरोजगारी बढ्नुका प्रमुख कारणहरु निम्नानुसार छन्:

i) औद्योगिक विकासको अभाव,
ii) निर्वाहमुखी कृषि,
iii) उच्च जनसङ्ख्या वृद्धिदर,
iv) आम गरिबी,
v) न्यून साक्षरतादर,
vi) न्यून आर्थिक वृद्धिदर,
vii) उच्च ब्याजदर,
viii) प्राविधिक परिवर्तन।
ix) राजनैतिक अस्थिरता
x) भेदभाव, छुवाछुत
xi) अनार्थिक मान्यता
xii)

i) औद्योगिक विकासको अभाव: नेपालमा कुल बचतमा कमि रहँदै रहेकाले पूर्ण रूपमा उद्योगधन्दा लगानी एवं विकास हुन सकेको छैन जसले गर्दा प्रत्येक वर्ष थपिने श्रमिकहरूले काम पाइरहेका छैनन्।

ii) निर्वाहमुखी कृषि: नेपाल जस्ता ~~विकासशील~~ विकासशील राष्ट्रहरूको प्रमुख पेशा नै कृषि हो। कृषिमा संलग्न भएका कृषकहरूले केवल आफूलाई मात्र पुग्ने किसिमको उत्पादन गरेको पाइन्छ। यसले गर्दा ~~कृ~~ कृषि बजारीकरणमा अभाव र रोजगारीका अवसरहरू सृजना गर्न सकेको छैन।

iii) उच्च जनसङ्ख्या वृद्धिदर: नेपालमा जनसङ्ख्या वृद्धिदर उच्च रहेको छ। यसले गर्दा रोजगारीका अवसरमा वृद्धि हुन नपाउँदा फरक पर्छ। जसको फलस्वरूप बेरोजगारी निम्त्याउँछ।

iv) आम गरिबी: नेपालमा कुलो सङ्ख्यामा गरिबी व्याप्त छ। गरिबीको कारणले उनीहरूमा शिक्षा, तालिम, साधनहरूको अभावका साथै स्वा-

स्वरूपमा पनि नकरात्मक प्रभावहरु देखा पर्दछन्। यस- सले गर्दा उनीहरुको कार्य क्षमता र दक्षतामा कमी आउँदछ। यसले मानिसहरुलाई बेरोजगारी बनाउँदछ।

v) न्यून साक्षरता दर :- नेपालको साक्षरता दर निकै कम रहेको छ। यसले गर्दा ठूलो सङ्ख्यामा रहेका मानिस- हरुले प्राविधिक ज्ञान तथा सीपको अभाव हुन्छ र बजारमा सजिलै काम प्राप्त गर्न सक्दैनन्। जसले गर्दा दिन प्रतिदिन बेरोजगारीमा वृद्धि भइरहेको छ।

vi) उच्च ब्याजदर :- उच्च ब्याजदरले लगानी गर्न र खर्च गर्नमा गिरावट गराउँदछ र मागमा सङ्- कुचन सृजना हुन्छ। यसले गर्दा उत्पादनमा कम आ- उँदछ र श्रमको आवश्यकता पनि कम पर्दछ। जसले गर्दा बेरोजगारी सृजना हुन्छ।

प्र.नं. ८ बेरोजगारी न्यूनीकरण / समाधान / कम गर्ने उपाय- हरु उल्लेख / व्याख्या / वर्णन मूल्याङ्कन गर्नुहोस्।

उत्तर: नेपालमा बेरोजगारीको दर बढ्दो छ। नेपालको श्र- म बजारमा वर्षेनी करिब चार लाख नयाँ श्रम शक्तिहरु बजारमा प्रवेश गर्दछन्। तर रोजगारीको अवसरको कमीले गर्दा बढ्दो ~~श्रम~~ श्रमशक्तिलाई उनी- हरुले चाहेअनुसारको काम दिन सकिरहेको छैन। नेपाल जस्तो विकासोन्मुख देशहरुको प्रमुख समस्या हो। यसमा यसलाई समाधान गर्नु आवश्यक छ। बेरोजगारी कम गर्ने उपायहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :

i) सार्वजनिक खर्चमा वृद्धि.
ii) ब्याजदर घटाउने.
iii) सीप विकासमूलक कार्यक्रम सृजना गर्ने.
iv) लगानी गर्ने वातावरण सृजना
v) जनसङ्ख्या नियन्त्रण,
vi) राजनैतिक स्थिरता,
vii) सामाजिक विभेदको अन्त्य,
viii) कृषिमा आधुनिकीकरण र व्यावसायीकरण।
ix) कर घटाउने

i) सार्वजनिक खर्चमा वृद्धि :- गरिबी एवं बेरोजगारी कम गर्नका लागि राज्यले सरकारी खर्चमा वृद्धि गर्नुपर्दछ। जब सरकारले सार्वजनिक वा विकास निर्माणका कामहरु जस्तै: बाटो, पुल, नहर आदिको सञ्चालन गर्दछ तब रोजगारीका अवसरहरु सृजना हुन्छ। (उक्त विकास निर्माणमा श्रमिकहरु आवश्यकता पर्दछ।)

ii) ब्याजदर घटाउने : बेरोजगारी घटाउने अर्को महत्वपूर्ण उपाय भनेको केन्द्रीय बैंकले विस्तारित मौद्रिक नीति अवलम्बन गर्नुपर्दछ, जसमा मुद्रा आपूर्तिमा वृद्धि वा ब्याजदरमा गिरावट हुन्छ जसले गर्दा बजारमा मुद्राको मात्रा बढी हुन्छ र जसबाट अधिक उपभोग गर्ने, व्यावसायिक काम गर्ने, लगानी गर्न सकिन्छ। जसबाट बेरोजगारी कम गर्न सकिन्छ।

iii) सीपमूलक कार्यक्रमहरु सृजना गर्ने :- गरिब जनताहरुलाई विशेषगरि साक्षरता कम भएका तथा सीप दक्षता हासिल नभएका व्यक्तिहरुलाई सीपमूलक कार्यक्रम र तालिम जस्तै: कृषि खेती गर्ने तरिका, लगानी र बचत गर्ने तरिका जस्ता तालिम प्रदान गर्नुपर्दछ। यसले गर्दा जनतामा ज्ञान, सीप र दक्षताको विकास भई रोजगारी प्राप्त गर्न सहज एवं छिटो माध्यम हुन सक्दछ।

iv) लगानी गर्ने वातावरण सृजना गर्ने :- देशमा लगानी गर्नको लागि अनुकूल वातावरण सिर्जना गर्नुपर्दछ। पर्याप्त सुरक्षा, हौसला प्रदान गरि स्वदेशी तथा विदेशी लगानीको आकर्षण गराउनुपर्दछ। यसले गर्दा श्रमिकको आवश्यकता पर्दछ र जसबाट रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ।

v) जनसङ्ख्या नियन्त्रण :- रोजगारीका अवसरहरुमा वृद्धि गर्ने अर्को महत्वपूर्ण उपाय भनेको जनसङ्ख्या व्यवस्थापन गर्नुपर्दछ। अर्थतन्त्रमा राज्यले तथा प्राकृतिक स्रोतसाधनले धान्न सक्नु किसिमको जनसङ्ख्या हुनुपर्दछ। जब अत्यधिक जनसङ्ख्या हुन्छ तब गरिबी वृद्धि भई बेरोजगारी सृजना हुन्छ। त्यसैले जनसङ्ख्या व्यवस्थापनबाट रोजगारीका अवसरहरु बढाउन सकिन्छ।

vi) सुहाउँदो कर प्रणाली :- कर कटौतीले व्यक्तिको खर्चयोग्य आयमा वृद्धि गर्दछ र उपभोगमा बढी खर्च गर्न मद्दत गर्दछ। यदि नेपाल जस्ता गरिब राष्ट्रहरु करको दर बढी ~~कर~~ लगाइयो भने मान गरिबीमा वृद्धि हुने, कुनै कार्य वा व्यापार

व्यवसाय गर्न हतोत्साहित हुने गर्दछन् । यसले गर्दा बजारमा मुद्रा आपूर्ति घटि मागमा कमि आउँदछ र उत्पादन घट्दछ जसले गर्दा काम पनि घट्ने भएकाले रोजगारीका अवसर घट्दै जान्छन् । त्यसैले यदि करको दर सुहाउँदो भएमा खर्च योग्य आयमा वृद्धि हुने, लगानी गर्न प्रेरित हुने, उत्पादन गर्नमा उत्साहित हुने गर्दछन् । फलस्वरूप रोजगारीका अवसर सिर्जना हुन्छन् ।

बेरोजगारी समस्या केवल व्यक्तिगत मात्र नभई राष्ट्रियगत चुनौती पनि हो । यसलाई आवश्यक सुधार गर्नको लागि शिक्षा, स्वास्थ्य, उद्योग, प्रविधि नीति, नियम सबै क्षेत्रमा एकसाथ सुधार गर्न आवश्यक हुन्छ । साथै व्यावसायीक सीप विकास, पूर्वाधार निर्माण, डिजिटल रोजगारी, नीतिगत सुधार गरि व्यवहारमा लागु गरेमा बेरोजगारी घटाएर मुलुकलाई आत्मनिर्भर र ~~समृद्ध~~ समृद्ध बनाउन सकिन्छ ।

प्र.नं.९ मानव संसाधन भनेको के हो? मानव संसाधनको महत्व / फाइदा / भूमिका व्याख्या गर्नुहोस् । (२+५)

उत्तर: मानव संसाधन (Human Resource) भनेको अर्थतन्त्रमा वस्तु तथा सेवाहरु उत्पादन गर्नमा प्रत्यक्ष सहयोग / योगदान पुर्याउने व्यक्तिहरुका हुन् हो । उच्च सीप, दक्षता र क्षमता भएका र शारीरिक, मानसिक रूपमा स्वस्थ भएका १६-६० वर्ष उमेरको समूह नै मानव संसाधन हो ।

नेपालको राष्ट्रिय योजना आयोगका अनुसार,

मानव संसाधन भन्नेको देशको जनसङ्ख्यामा निहित ज्ञान, सीप, दक्षता, शारीरिक तथा मानसिक क्षमता भन्ने बुझिन्छ।"

मानव संसाधनको भूमिका / महत्व :

i) प्राकृतिक स्रोतसाधनहरूको उचित प्रयोग,
ii) पूर्वाधार विकास गर्न.
iii) कृषि क्षेत्रको विकास गर्न.
iv) औद्योगिक क्षेत्रको विकास गर्न,
v) प्राविधिक विकास गर्न.
vi) उत्पादनमा वृद्धि गर्न.
vii) सामाजिक तथा आर्थिक कल्याणमा वृद्धि गर्न.
viii) भौतिक पूँजीको उपयोग / प्रयोग गर्न.

i) प्राकृतिक स्रोतसाधनको उचित प्रयोग गर्न :- अर्थतन्त्रमा उपलब्ध प्राकृतिक साधनहरू जलस्रोत, खनिज सम्पदा, वन सम्पदा तथा अन्य जैविक विविधताको उचित प्रयोग तथा त्यसको सही सदुपयोगको लागि मानव संसाधनको आवश्यकता पर्दछ। प्राकृतिक साधनहरूको उत्पादकत्वमा धेरै वृद्धि भएमा व्यक्तिको एवं समग्र अर्थतन्त्रको राष्ट्रिय आयमा वृद्धि हुन जान्छ। दक्ष जनशक्तिको कमीले गर्दा नेपालका प्राकृतिक साधनहरू सही सदुपयोग गर्न सकिएको छैन।

ii) पूर्वाधारको विकास गर्न :- कुनै पनि देशको दिगो आर्थिक विकासको लागि पूर्वाधारको विकास हुनु अति आवश्यक छ। पूर्वाधारहरूको निर्माण एवं विस्तार दक्ष, सीपयुक्त, क्षमतावान जनशक्तिको उचित प्रयोगमा भर पर्दछ। यसरी पूर्वाधार विकासका लागि कुनै पनि देशको जनसङ्ख्या दक्ष र क्षमतावान हुनुपर्दछ।

gurukul

iii) कृषि क्षेत्रको विकास गर्न :- नेपाल जस्तो अल्पविकसित देशको अर्थतन्त्र विशेषगरी कृषिमा निर्भर छ। आधुनिकीकरण एवं प्रविधीकरण भएपनि धेरैजसो कृषिक्षेत्रमा निर्भर एवं आधारित छन्। जसको लागि मानव संसाधनको पनि धेरै आवश्यक पर्दछ। कृषि क्षेत्रको आधुनिकीकरण सँग एवं व्यावसायीकरणमा सिंचाईको व्यवस्था, भण्डारणको व्यवस्था, आधुनिक कृषि उपकरणको व्यवस्था, बीउबिजनको सहि प्रयोग, कृषि उत्पादित वस्तु तथा सेवा वा कृषि बजारसम्म पुऱ्याउनको लागि दक्ष सीपयुक्त जनशक्तिको आवश्यकता पर्दछ।

iv) औद्योगिक क्षेत्रको विकास गर्न :- औद्योगिक क्षेत्रको विकासको लागि जनशक्ति पहिलो प्रवाधार हो। आधुनिक उत्पादनका साधनहरु तथा उपकरणहरुको प्रयोग गर्नका लागि दक्ष, सीपयुक्त, अनुभवी र उपयुक्त मानव साधन विना असम्भव हुन्छ। यसरी औद्योगिक विकासको लागि दक्ष, अर्धदक्ष एवं अदक्ष सबै प्रकारका मानव साधनहरुको आवश्यकता पर्दछ।

v) प्राविधिको विकास गर्न :- कुनै पनि देशको प्राविधिक क्षमता र त्यसको विकास गर्न जनशक्तिमा निर्भर गर्दछ। उच्च व्यवस्थापकीय, दक्ष, सीपयुक्त अनुभवले नयाँ नयाँ प्रविधिको विकासमा मात गर्दछ। यसरी, यसले राष्ट्र सामाजिक तथा आर्थिक विकासको लागि नयाँ प्रविधिको प्रयोग र विकासका लागि जनशक्ति प्रमुख हुन्छ।

vii) उत्पादनमा वृद्धि गर्न :- दक्ष र सीपमूलक एवं गुणस्तरीय जनशक्तिको प्रयोगबाट उत्पादनका साधनहरूको उच्चतम प्रयोग गरी ती साधनहरूको क्षमता एवं उत्पादनमा वृद्धि गर्न सकिन्छ। यसको लागि दक्ष, सीपयुक्त मानव संसाधनको आवश्यकता पर्दछ।

viii) भौतिक पूँजीको प्रयोग गर्न :- भौतिक पूँजी भन्नाले उपकरण, भवन, मेशिन जस्ता मानव निर्मित साधनहरू आदि पर्दछन्। ~~यसका~~ यी साधनहरूको उचित प्रयोगको लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ। यस्ता साधनहरूको कार्यक्षमता जनशक्तिमा निर्भर रहन्छ। तसर्थ, मानव साधन दक्ष, सीपयुक्त एवं क्षमतावान छ भने ती साधनहरूको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्न सकिन्छ।

यसरी, कुनै पनि देशको आर्थिक विकास गर्नको लागि मानवीय संसाधन महत्वपूर्ण रहेको छ। जनशक्ति पर्याप्त हुनुमात्रले पनि आर्थिक विकास सम्भव हुँदैन। त्यसको लागि जनशक्तिको पनि उचित व्यवस्थापन र प्रयोग हुनुपर्दछ। यस्तो उचित प्रकारको प्रयोगले उत्पादनलाई बढाउँछ। साथै नयाँ विचारहरूले थप नयाँ विकास गर्न समेत सहयोग पुऱ्याउँदछ।

२०८२ भाद्र १२ (आज गौरा पर्व)

प्र.नं.१० मानव विकास सूचकाङ्क र यसका सूचकहरू भन्नाले के बुझिन्छ? मानव विकास सूचकाङ्क कसरी गणना गर्न सकिन्छ र उल्लेख गर्नुहोस्।

उत्तर: मानव विकास अर्थव्यवस्थालाई सुदृढ, समृद्ध एवं मानव कल्याणमा समेत विस्तार गर्ने बारेमा केन्द्रित छ। यो मुख्य यस्तो दृष्टिकोण हो जुन मानिसहरूका लागि बढी स्वतन्त्रता, उचित अवसर र छनौटहरू सिर्जना गर्नमा केन्द्रित हुन्छ।

मानव विकास सूचकाङ्क भनेको एक समग्र सूचकाङ्क हो, जुन मानव विकासको तीन प्रमुख आयाम स्वास्थ्य, शिक्षा र जीवन स्तरको आधारमा मापन गरिन्छ। मानव विकास सूचकाङ्क (HDI) का सूचकहरू निम्नानुसार छन्:

* HDI का सूचकहरू:

i) स्वास्थ्य सूचक (health Indicator)
ii) शिक्षा सूचक (Education Indicator)
iii) आय सूचक (Income Indicator)
iv) असमानता सूचक (Inequality Indicator)
v) जनसाङ्ख्यिक सूचक (Demographic Indicator)
vi) गरिबी सूचक (Poverty Indicator)

## * HDI गणना गर्ने तरिका:

मानव विकास सूचकाङ्क निम्नानुसारले गणना गर्न सकिन्छ:

$$HDI = (I_{health} \times I_{Edu.} \times I_{income})^{1/3}$$

Where,

HDI = Human development Index
$I_{health}$ = Health index
$I_{Edu.}$ = Education Index
$I_{income}$ = Income Index

$$\text{आयाम सूचकाङ्क} = \frac{\text{वास्तविक मान} - \text{न्यूनतम मान}}{\text{अधिकतम मान} - \text{न्यूनतम मान}}$$

प्रत्येक आयाम सूचकहरूको अधिकतम र न्यूनतम मान निम्नानुसार छन्:

| सूचकाङ्क | सूचक | न्यून. | अधिक |
|---|---|---|---|
| स्वास्थ्य | • आयु प्रत्याशा (वर्ष) | 20 | 85 |
| शिक्षा | • विद्यालय शिक्षाको औसत वर्ष | 0 | 15 |
| | • विद्यालय शिक्षाको अपेक्षित वर्ष | 0 | 18 |
| आय | • PCI (PPP-$) | 100 | 75,000 |

gurukul

(क) स्वास्थ्य सूचकाङ्क ($I_H$) $= \dfrac{\text{आयु प्रत्याशा} - 20}{85 - 20}$

(ख) शिक्षा सूचकाङ्क ($I_{Edu.}$) $= \dfrac{MYSI + EYSI}{2}$

जहाँ,

विद्यालय शिक्षाको औसत वर्षको सूचकाङ्क (MYSI)

$MYSI = \dfrac{MYS}{15}$ → वि. शिक्षाको औसत वर्ष

विद्यालय शिक्षाको अपेक्षित वर्षको सूचकाङ्क (EYSI)

$EYSI = \dfrac{EYS}{18}$ → विद्यालय शिक्षाको अपेक्षित वर्ष

(ग) आय सूचकांक ($I_{In.}$) $= \dfrac{\ln(GNI_{pc}) - \ln(100)}{\ln(75{,}000) - \ln(100)}$

HDI को मान 0-1 को बिचमा पर्दछ । यो जति धेरै भयो त्यति राम्रो मानिन्छ । HDI को मानको श्रेणी निम्न तालिकामा वर्णन गर्न सकिन्छ ;

| | |
|---|---|
| धेरै उच्च मानव विकास | ~~0.799~~ 0.800 माथि |
| उच्च मानव विकास | 0.700 - 0.799 |
| मध्यम मानव विकास | 0.550 - 0.699 |
| कम मानव विकास | 0 - 0.550 |

प्र.नं.११ नेपालको जनसङ्ख्याको वर्तमान अवस्था वर्णन गर्नुहोस्।

उत्तर: कुनै निश्चित क्षेत्रमा निश्चित समयमा बसोबास गर्ने मानिसको सङ्ख्यालाई नै जनसङ्ख्या भनिन्छ। यही जनसङ्ख्याको व्यवस्थित रूपमा सङ्कलन गर्ने, प्रशोधन गर्ने र यसलाई तयार गर्ने प्रक्रिया नै जनगणना हो। जनगणनाले जनसङ्ख्याको आकार, बनावट, वृद्धि र वितरणका विवरणका साथै सामाजिक, आर्थिक तथा जनसांख्यिक सूचकहरू पनि उपलब्ध गराउँदछ।

हालसम्म नेपालमा १२ औं जनगणना भइसकेका छन्। नेपालमा वि.सं. १९६८ देखि जनगणना गर्न शुरु गरिएको हो। जनगणना १०/१० वर्षमा गरिन्छ। १२ औं जनगणना वि.सं. २०७८ सालमा गरिएको हो। अब वि.सं. २०७८ सालको जनगणनानुसार नेपालको वर्तमान स्थिति निम्नानुसार उल्लेख गर्न सकिन्छ।-

(क) जनसङ्ख्याको आकार र वृद्धि :- नेपालको जनगणना २०७८ सालको अन्तिम नतिजानुसार नेपालको जनसङ्ख्या 2,91,64,578 रहेको छ। वि.सं. २०६८ को तुलनामा २०७८ सालको जनसङ्ख्या वृद्धिदर 0.92 प्रतिशत रहेको छ। जसमध्ये,

पुरुष : 48.87 %
महिला : 51.13 %
लैङ्गिक अ. : 95.59 प्रति १०० महिलाका लागि 95.59 पुरुष
जनघनत्व : १९८ जना per km²

धेरै जनघनत्व ; मधेश प्रदेश
कम जनघनत्व ; कर्णाली प्रदेश

(ख) जनसङ्ख्याको वितरण :- नेपालमा सबै क्षेत्रमा समान जनसङ्ख्या छैन। त्यहाँको भौगोलिक क्षेत्र, मौसम, रूवाधार, प्राकृतिक स्रोत आदिले प्रभाव पार्दछन्।

- हिमाल ⇒ 6.08% जनसङ्ख्या
- पहाड ⇒ 40.31% ''
- तराई ⇒ 53.61% ''

- बढी जनसङ्ख्या ⇒ बागमती र मधेस (२०.९७%)
- कम जनसङ्ख्या ⇒ कर्णाली प्रदेश (5.79%)

(सुदूर पश्चिम ⇒ 5.28%)

- ग्रामीण ⇒ 33.83%
- सहरी ⇒ 66.17%

(ग) जाति र जातीसमूहअनुसार जनसङ्ख्या वितरण :- नेपालको जनगणना २०७८ अनुसार १४२ जातजाति रहेका छन्। सबैभन्दा बढी क्षेत्री १६.४५% र सबैभन्दा कम कुसुन्डा जाति मानिसहरू बसोबास गर्दछन्। साथै नेपालमा १० वटा धर्म जसमध्ये ८१.१९% हिन्दु सबैभन्दा बढी र सबैभन्दा कम बहाई 0.01% धर्म मान्ने जनसङ्ख्या रहेको छ।

समाप्त

२०७९ भाद्र १५ (०३ : २०pm)